# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७७/०७८

च.न.: ६२८

मिति: २०७७/०६/०१३

श्री सम्पूर्ण विद्यालयहरु,

देवचुली नगरपालिका

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश

**विषय: निर्देशन सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा कोरोना (कोभिड-१९) को माहामारीको कारणबाट लामो समयदेखि शैक्षिक संस्थाहरु संचालन हुन नसकेको व्यहोरा अवज्ञत नै छ । नेपाल सरकारले विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ जारी गरी वैकल्पिक सिकाइ मार्फत शैक्षिक गतिविधि अगाडि बढाउन निर्देशन गरेको छ । यसै सन्दर्भमा शिक्षा विकास तथा समन्वय इकाइ नवलपरासी (ब.सु.पू.) को मिति २०७७/०६/१२ को च.नं. ९८ को निर्देशन पत्र तथा मिति २०७७/०६/१२ कै देवचुली नगर शिक्षा समितिको बैठकको निर्णय अनुसार विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ ले निर्दिष्ट गरेका विधिबाट मात्र सिकाइ सहजीकरण गर्नुहुन शिक्षा विकास तथा समन्वय इकाइ (ब.सु.पू.) को निर्देशन पत्र र देवचुली नगर शिक्षा समितिको बैठकको निर्णय प्रति यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

६/१३

............................

गोविन्द सिग्देल

प्रमुख प्रशासकिय अधिकृत

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७।०८।१२ गते दिनको ठिक ३:०० बजे देवचुली नगर शिक्षा समितिका अध्यक्ष एवं नगरप्रमुख — श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर शिक्षा समितिको — बैठक तपसिलका निर्णयहरु पारित गरियो ।

उपस्थिति

अध्यक्ष श्री पूर्णकुमार श्रेष्ठ (नगरप्रमुख)
सदस्य श्री पार्वता तिवारी (उपप्रमुख)
सदस्य श्री गोविन्द प्रसाद सिग्देल (प्र. प्र. अधिकृत)
सदस्य श्री विष्णु प्रसाद आचार्य (अध्यक्ष, सा.ग.वि.स.)
सदस्य श्री टिकामाया रिजाली (कार्यपालिका सदस्य)
सदस्य श्री नककुमारी शर्मा गौतम (कार्यपालिका सदस्य)
सदस्य श्री तिलप्रसाद कुफ्ले (अध्यक्ष, जी.न.मा.वि.)
सदस्य श्री नरदेव न्यौपाने (प्र.अ, भिमसेन मा.वि.)
सदस्य श्री चन्द्रदेव तिवारी (प्र.अ, वरचुली मा.वि.)
सदस्य श्री प्रदिप वाग्ले (प्रिन्सिपल, विश्वज्योति आ.मा.)
सदस्य सचिव श्री रामप्रसाद शर्मा (नगर शिक्षा शाखा प्रमुख)
श्री भद्र शर्मा (लेखा अधिकृत)
श्री गोविन्द नेपाली (कम्प्युटर अपरेटर)

प्रस्ताव नं (१) विद्यालयमा पठन पाठनको क्रियाकलाप सम्बन्धमा

निर्णय नं (१) प्रस्ताव नं माथी छलफल गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा समन्वय इकाईको निर्देशन बमोजिम कोभिड १९ को कारण देवचुली नगरपालिका भरिका सम्पूर्ण विद्यालयहरुमा विद्यालय खोली ~~नक~~ पठन पाठन — गर्न सहज नदेखिएको हुँदा अर्को व्यवस्था ~~नभएसम्म~~ तत्काल पठन पाठन सञ्चालन नगरी सिकाई सहजीकरणका अन्य उपायहरु अवलम्बन गर्ने निर्णय — गरियो ।

प्रस्ताव नं २ संस्थागत विद्यालयको शुल्क निर्धारण गर्ने सम्बन्धमा ।

निर्णय नं.२. प्रस्ताव नं २ माथी छलफल गर्दा देवचुली नगरपालिका भित्र रहेका संस्थागत विद्यालय-हरुको शुल्क निर्धारणका लागि सिफारिस गर्न तपसिल बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो।

संयोजक - रामप्रसाद शर्मा

सदस्य - प्रदिप बास्तोला

सदस्य - नरदेव न्यौपाने

प्रस्ताव नं ३. पुलमा रहेका ६ वटा दरबन्दिलाई रिक्त स्थानमा पदपूर्ति गर्ने सम्बन्धमा।

निर्णय नं.३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा देवचुली नगरपालिका भित्र प्राथमिक तहमा रहेका ६ वटा पुल दरबन्दि मध्ये तत्कालको लागि ३ वटा दरबन्दिलाई रिक्त स्थानमा पदपूर्ति गर्ने निर्णय गरियो। अन्य ३ वटा दरबन्दिलाई रहन्न अवस्थामा क्रमश पदपूर्ति गर्दै जाने निर्णय गरियो।